## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०२३।०१ कोरोना भाइरस नियन्त्रणमा रूपाको पहल सम्बन्धमा।
२०७७।०७८-०२३।०२ आव २०७८।०७९ को श्रोत अनुमान योजना तर्जुमा सम्बन्धमा ।
२०७७।०७८-०२३।०४ चालू आवको हालसम्मको आन्तरिक आम्दानी सम्बन्धमा ।
२०७७।०७८-०२३।०५ कार्यविधिहरु पेश गर्ने सम्बन्धमा ।
रूपा गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
रूपा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
रूपा गाउँपालिकाको समाबेशीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८
२०७७।०७८-०२३।०६ गाउँसभा बस्ने सम्बन्धमा ।
२०७७।०७८-०२३।०७ झोलुङ्गे पुल साझेदारी रकम विनियोजन सम्बन्धमा ।
२०७७।०७८-०२३।०८ प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी योजना थप सम्बन्धमा ।
२०७७।०७८-०२३।०९ रकामान्तर गर्ने सम्बन्धमा ।
२०७७।०७८-०२३।१० सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।
२०७७।०७८-०२३।११ गाउँपालिकाका विभिन्न स्थानहरुमा फ्रि वाइफाइ जोन स्थापना गर्ने सम्बन्धमा।
२०७७।०७८-०२३।१२ विविध सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०१**

प्रस्ताव नं २०७७।०७८-०२३।०१ माथि छलफल गर्दा कोरोना भाइरसको दोश्रो लहर रोकथाम तथा नियन्त्रणको क्रममा गाउँपालिकाभित्र निम्नानुसारको विवरण रहेको अवगत गरी सो को रोकथामको लागी देहायबमोजिम गर्ने निर्णय गरियोः

निम्नः

| मिति २०७८।१।१४ देखी २०७८ जेष्ठ ३० गतेसम्मको तथ्याङ्क | | | |
|---|---|---|---|
| क स | विवरण | संख्या | कैफियत |
| १ | गाउँपालिकाबाट PCR परीक्षण भएको संख्या | २५५ जना | |
| २ | PCR परीक्षणमा पोजेटिभ देखीएको संख्या | १३३ जना | |
| ३ | एन्टिजेन परिक्षणको संख्या | १७४ जना | |
| ४ | एन्टिजेन परीक्षणमा पोजेटिभ देखीएको संख्या | २९ जना | |
| ५ | हाल रूपाकोट अस्पतालमा रहेको पोजेटिभ संख्या | ३ जना | |
| ६ | हालसम्म गाउँपालिकाको आइसोलेसनमा रहेको संख्या | ९ जना | |
| ७ | हालसम्म होम आइसोलेसनमा रहेका संक्रमित संख्या | १५२ जना | |

| | | | |
|---|---|---|---|
| ७ | हाल गाउँपालिकाभित्र रहेका सक्रिय संक्रमित संख्या | ५५ जना | |
| ८ | हालसम्म कोरोना भाइरस संक्रमण पुष्टी भइ मृत्यु भएको संख्या | १ जना | |
| ९ | गाउँपालिकाबाट निर्माण गरीएको आइसोलेसन संख्याः<br>रुपाकोट अस्पतालमा १६ वेड अक्सिजन सहित<br>गैरिभञ्याङ्ग आइसोलेसनमा १५ वेड | | |

देहायः

(क)गाउँपालिकाको तर्फबाट पिसिआर परीक्षण तथा एन्टिजेन परीक्षण गर्दा हालसम्म कुनै पनि शुल्क नलिएकोमा सो निर्णयलाइ आगामी दिनहरुमा समेत कोरोना भाइरस परीक्षणमा कुनैपनि शुल्क नलिने गरी परिक्षणको दायरा वृद्धि गर्ने।

(ख) मिति २०७८।०२।०९ गतेदेखी २०७८।०२।२९ गतेसम्म भएको औषधि तथा अन्य औषधिजन्य उपकरणहरु खरिदमा भएको निम्नानुसारको खर्च अनुमोदन गरी भुक्तानी दिन कार्यालयलाइ निर्देशन गरियो ।

निम्नः

२०७८ जेष्ठ ०९ गते देखि कोभिड रोकथाम तथा नियन्त्रणमा मिति २०७८।०२।२९ गते सम्म भएको खर्च विवरण

| क्र स | सप्लार्यस | सामानको विवरण | जम्मा मूल्य रु | मिति | विल नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शुभ लेखनाथ हार्डवयर्स एण्ड सप्लायर्य | धाराको सामाग्री | ३१६४ | २०७८।२।९ | १८० | |
| २ | पोखरा अक्सिजन ग्याँस प्रालि | ग्यास भरेको | ३००० | २०७८।२।२१ | १४९० | |
| ३ | ग्लोरिया फर्मास्युटिकल प्रा लि | Electric sanitizer dispenser | ४०६८० | | | |
| | जम्मा रू | | ४६,८४४। | | | |

(ग) कोरोना भाइरस नियन्त्रणमा वडा समितिलाइ सक्रिय पार्दै गाउँपालिकाभित्र गरिएको सिल २०७८ असार १ गतेदेखी हटाउने तथा नाकाहरुमा खटाइएका युवा कल्वहरुलाइ असार १ गतेदेखी हटाउने निर्णय गरियो ।

## <u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०२</u>

प्रस्ताव नं २०७७।०७८-०२३।०२ माथि छलफल गर्दा आव २०७८।०७९ को लागी निम्नानुसारको श्रोत अनुमान गरी स्वास्थ्यका मापदण्डहरु पालना गरी गराइ वडास्तरीय योजना छनौटका लागी निर्देशन दिनेः

निम्नः



रुपा गाउँपालिका कास्की

| रुपा गाउँपालिका | | | | | | |
|---|---|---|---|---|---|---|
| गाउँ कार्यपालिकाको कार्यालय, कास्की | | | | | | |
| आ.व. : २०७८/७९ | | | | शिर्षक ८०१०४३३७३ | | |
| **सि.नं.** | **स्रोत समूह** | **बजेटको स्रोत/तह** | **स्रोत** | **अनुमानित आय** | **अनुमानित व्यय** | **फरक** |
| 1 | संघीय सरकार समानिकरण अनुदान | | | 8,31,00,000 | | |
| | | न्यूनतम अनुदान | 2,75,00,000 | | | |
| | | सूत्रमा आधारित अनुदान | 5,07,00,000 | | | |
| | | कार्यसम्पादनमा आधारित अनुदान | 49,00,000 | | | |
| 2 | संघीय सरकार शसर्त अनुदान | | | 21,20,00,000 | | |
| | | चालु तर्फ | 18,46,00,000 | | | |
| | | पूजिंगत तर्फ | 2,74,00,000 | | | |
| 3 | संघीय सरकार बिशेष अनुदान | | | 83,00,000 | | |
| | | चालु तर्फ | - | | | |
| | | पूजिंगत तर्फ | 83,00,000 | | | |
| 4 | संघीय सरकार समपुरक अनुदान | | | 3,32,00,000 | | |
| | | चालु तर्फ | - | | | |
| | | पूजिंगत तर्फ | 3,32,00,000 | | | |
| 5 | संघीय सरकार राजश्व बाँडफाँड | | | 5,67,09,000 | | |
| | | एकमुष्ठ | 5,67,09,000 | | | |
| 6 | गण्डकी प्रदेश सरकार समानिकरण अनुदान | | | 89,23,000 | | |
| | | एकमुष्ठ | 89,23,000 | | | |
| 7 | गण्डकी प्रदेश सरकार राजश्व बाँडफाँड | | | 36,03,000 | | |
| | | चालु तर्फ | 36,03,000 | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 8 | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | | | 1,00,00,000 | | |
| | | चालु तर्फ | - | | | |
| | | पूजिंगत तर्फ | 1,00,00,000 | | | |
| 9 | गण्डकी प्रदेश सरकार बिशेष अनुदान | | | - | | |
| | | चालु तर्फ | - | | | |
| | | पूजिंगत तर्फ | - | | | |
| 10 | जिल्ला समन्वय समिति मौज्दात कोष अनुदान | | | 1,50,00,000 | | |
| | | आ व २०७७।०७८ को अल्या | 1,50,00,000 | | | |
| | | आ व २०७८।०७९ को अनुमान | - | | | |
| 11 | आन्तरिक श्रोत गाउँपालिका तर्फ | | | 2,50,00,000 | | |
| | | आ व २०७७।०७८ को अल्या | 50,00,000 | | | |
| | | चालु आवको अनुमान | 2,00,00,000 | | | |
| कुल जम्मा | | | | 45,58,35,000 | | |

क) टोल विकास संस्था तथा वडास्तरिय सक्रिय राजनीतिक दलहरुको प्रतिनिधि नागरिक समाजको उपस्थितिमा छलफल गरि बजेट तर्जुमा गर्ने ।

ख) प्रत्येक वडा कार्यालयहरुबाट मिति २०७८ असार ६ गते गाउँपालिकामा वडास्तरीय योजना छनौट गरी गाउँपालिकामा पेश गराउने सोउपर विषयगत समितिहरुमा तथा गाउँपालिकास्तरीय छलफल २०७८ असार ६,७ र ८ गते गर्ने ।

ग) विषयगत समितिहरुबाट तयार बजेटको प्रस्ताव मिति २०७८ असार ८ गतेको कार्यपालिका बैठकमा पेश गर्ने ।

घ) कार्यपालिकाबाट स्विकृत बजेट मिति २०७८ असार ९ गतेको गाउँसभामा पेश गर्ने ।

ङ) बजेट तर्जुमाका चरणहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्ने गराउने ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०३</u>**

प्रस्ताव नं २०७७।०७८-०२२।०३ माथि छलफल गर्दा कार्यालयबाट प्राप्त चालू आवको हालसम्मको आन्तरिक आम्दानको निम्नानुसारको विवरणउपर छलफल गरी आगामी आर्थिक बर्ष आन्तरिक आम्दानी वढाउने सम्बन्धमा राजश्व परामर्श समितिको प्रतिवेदनमा सिफारिस गरिएका विषयहरुमाथी आगामी कार्यपालिका बैठकमा छलफल गरी गाउँसभामा पेश गर्ने ।

निम्न:

| क स | विवरण | आम्दानी रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | २ लाख १७ हजार ६८३ । | |
| २ | वडा नं २ | ८१ हजार १६०। | |
| ३ | वडा नं ३ | १ लाख ७६ हजार ८०२। | |
| ४ | वडा नं ४ | २ लाख २९ हजार ४१८। | |
| ५ | वडा नं ५ | ५ लाख ४९ हजार २५५। | |
| ६ | वडा नं ६ | ५ लाख २९ हजार ९७७। | |
| ७ | वडा नं ७ | ४ लाख १० हजार ५७०। | |
| ८ | गाउँपालिका | ३४ लाख २१ हजार ६०७।३४ पैसा | |
| ९ | दहत्तर बहत्तर शुल्क | २४ लाख ५६ हजार ४०३। | |
| | कुल जम्मा | ८० लाख ७२ हजार ८५७।३४ पैसा । | |

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०४</u>**

प्रस्ताव नं २०७७।०७८-०२३।०४ माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्ष एवं विधायन समिति संयोजक श्री लालसुब्बा गुरूङ्गज्यूबाट प्रस्ताव पेश भएको निम्नानुसारको कार्यविधि स्विकृत गर्ने निर्णय गरियो:

निम्न:

क) रूपा गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८

ख) रूपा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८

ग) रूपा गाउँपालिकाको समाबेशीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०५</u>**

प्रस्ताव नं २०७७।०७८-०२३।०५ माथि छलफल गर्दा चालू आवको समिक्षा सहित आर्थिक बर्ष २०७८।०७९ को बजेट तर्जुमाको लागी आगामी गाउँसभा मिति २०७८ असार ०९ गते बुधवार विहान ११ बजेदेखी सुरू हुनेगरी रूपा गाउँपालिका कास्कीको केन्द्र रूपाकोटमा गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०६</u>**

प्रस्ताव नं २०७७।०७८-०२३।०६ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा निर्माण भइरहेका झोलुङ्गे पुलहरु **(चोरगौंडा बास्कोट दोवान खोला झो.पु., थातिहर पिप्ले लाग्दी खोला झो.पु., बिर्दी दोभान खोला**

**झो.पु., दुलैकोट झो.पु., बिर्दी खोला साल्थुम्की, खाल्टे खोला बृज झो.पु)** को लागी गाउँपालिकाबाट साझेदारी गर्नुपर्ने रकम रु १० लाख मात्र रकम साझेदारी गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०७**

प्रस्ताव नं २०७७।०७८-०२३।०७ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रहेर योजना कार्यान्वयन गर्ने गरी तपशिल बमोजिमका योजनाहरु छनौट तथा रकम विनियोजन गर्नेः

तपसिलः

| क स | योजनाको नाम | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | विर्दिखोला अमारे कुलो मर्मत योजना | १ लाख ८० हजार | |
| २ | लाम्टे तटबन्धन | ७० हजार | |
| ३ | रूपा गाउँपालिका प्रशासकीय भवन वरपर सोलिङ्ग तथा मर्मत | २ लाख ५० हजार | |
| ४ | सुनज्युरी मन्दिर सुख्खा पर्खाल मर्मत र निर्माण योजना | २ लाख ५० हजार | |
| ५ | सिद्धको थान रूपा ४ जाने सिडी बाँटो निर्माण | ४ लाख | |

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०८**

प्रस्ताव नं २०७७।०७८-०२३।०८ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीको गाउँसभाबाट विनियोजित रकमबाट प्रस्ताववमा पेश भए बमोजिमको बजेट शिर्षकान्तर गरी अनुमोदनको लागी आगामी गाउँसभा बैठकमा पेश गर्नेः

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।०९**

प्रस्ताव नं २०७७।०७८-०२३।०९ माथि छलफल गर्दा रूपा गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने निम्नानुसारका लाभग्राहिहरुलाइ आव २०७७।०७८ को तेश्रो चौमासिक भत्ता वितरण गर्ने ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।१०**

प्रस्ताव नं २०७७।०७८-०२३।१० माथि छलफल गर्दा रूपा गाउँपालिका भित्रका निम्नानुसारका २२ स्थानहरुमा फ्रि वाइफाइ क्षेत्र घोषणा गर्ने बार्षिक नीति अनुसार World Link Communication Ltd बाट प्राप्त रु ९ लाख ९० हजारको प्रस्ताव स्विकृत गरी सो को लागी आवश्यक बजेट नेपाल सरकार शसर्त अनुदान शिक्षा तर्फ कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणको लागी शैक्षिक कार्यक्रम अन्तर्गतको अस्थाइ सिकाइ सहजिकरण केन्द्र गृह बिद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सञ्चालन का

लागी विनियोजित ३ लाख रूपैया मध्य सबै, सुचना तथा सञ्चार प्रविधि शिर्षकमा विनियोजित बजेट रु ५ लाख मध्येबाट सबै र अपुग हुने बजेट विद्यालयहरुमा इन्टरनेट जडान शिर्षकमा विनियोजित रु ७ लाख २५ हजार मध्येबाट खर्च लेख्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२३।११**

प्रस्ताव नं २०७७।०७८-०२३।११ माथि छलफल गर्दा आजको कार्यपालिका बैठक समापन गर्ने निर्णय गरियो ।

मिति २०७८ साल जेष्ठ ३० गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मिति: रुपा गाउँपालिका कास्की